# EXPRESSION OF INTEREST FOR SHORT LIST

**Job:“Preparation of Master Plan of Seven Selected Destinations in Each of 7 Federal State Including Preparation of DPR of Cultural Museum in each state.”**

**Consulting Firm/Joint Venture**

**Name:**

**Contact Address:**

**Ph. No.:**

**Mobile No:**

**E-mail ID:**

**Lead Consultant (in case of JV)**

**Name:**

**Contact Address:**

**Ph. No.:**

**Mobile No:**

**E-mail ID:**

**Employer:**

**Government of Nepal**
**Ministry of Culture, Tourism and Civil Aviation**
**Singhdurbar, Kathmandu**

# EOI Forms

## ELIGIBILITY QUALIFING CRITERIA

### 1. Eligibility Criteria:

| S.N. | Eligibility Criteria | Compliance | Status |
|---|---|---|---|
| 1 | Corporate Registration | Yes/No | Pass/Fail |
| 3 | Tax Clearance / Renewal of Tax / PAN certificate | Yes/No | Pass/Fail |
| 4 | VAT/PAN Registration | Yes/No | Pass/Fail |
| 5 | Adherence to code of Ethics and Anti Corruption Policy | Yes/No | Pass/Fail |
| **NOTE A: Consulting Firms can form a Joint Venture (JV). The EOI of Standing List must clearly mention the name of the leading firm with financial liabilities. (One firm can bid either single or JV only once)** | | | |
| **NOTE B: Maximum no of JV Firms: Three (Each Firm must have minimum standing of 5 years)** | | | |
| **NOTE C: Association of Firms: Not Allowed** | | | |

### 2. Details of Qualifying Criteria

| Description of Criteria | Marks Out of 100 | Minimum Marks to be Obtained Under Each Criteria |
|---|---|---|
| **A] Financial Capacity of Firm** | **10** | **5** |
| **B] Experience of Firm** | **45** | **23** |
| **C] Availability of Required Professional Key Personnel** | **35** | **25** |
| **D] Commitment for Code of Ethics and Anti-Corruption Policy** | **3** | **3** |
| **E] Equipment and Logistics** | **7** | **4** |

**FORM-1:**

## A. Financial Capacity of Firm (Last 5 Years) (Maximum 10 Marks)

| Fiscal year (FY) | Annual turnover |
|---|---|
| | |
| | |
| | |
| | |

| |
|---|
| **Note 1:** The Firm and/or JV Shall have to submit Notary public attested Tax Clearance Certificate of each fiscal year, supposed to be counted for EOI evaluation. Submission of Audit report or any other compiled tables shall not be considered for EOI evaluation. |
| **Note 2:** In case of JV business, the firm and/or JV shall have to submit Notary Public Attested Tax Clearance Certificate of each fiscal year along with the JV Agreement of that business, supposed to be counted for EOI Evaluation. |
| **Note3:** In case of JV average annual turnover of the JV shall be evaluated taking account the % of financial liability as stated in the JV Agreement for the EOI. If the JV agreement shall not clear about the % of financial liability, the marks of financial capacity shall be evaluated to Zero. |
| **Note 4:** For the evaluation of financial capacity, inflation adjustment factor shall be considered as per NRB. |

**FORM-2:**

## B. Experience of Firm/JV During Last 5 Years (Max 45 marks)

### a) General experience of the firm in Development projects (Completion of work of each job: Service Cost more than 10 Lakhs excluding VAT) (Maximum 15 Marks)

| S.No. | Job Details | Value of Contract | Complete Date | Involvement (Single/JV) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**b) Experience of the firm in similar projects (Completion of work of Tourism Master Plan/ Long Term Development Plan/ Periodic Plan / Planning with DPR) Service Cost more than 10 Lakhs excluding VAT) (Maximum 30 Marks)**

| S.No. | Job Details | Approximate value of Contract | Start Date | Complete Date | Involvement (Single/JV) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| **Note 5:** The services for Government of Nepal (GoN) organizations (Fully or Semi/Partially owned) shall only be evaluated as firm/JV experiences for the EOI. | | | | | |
| **Note 6:** Any sublet service for Government of Nepal (GoN) organizations (Fully or Semi/Partially owned) by Firm/JV from another private firm/JV shall not be evaluated as Firm/JV experience for the EOI. | | | | | |
| **Note 7:** Any service experience older than 10 years (counted from last date of submission of EOI shall not be evaluated as firm/JV experience for the EOI. Each experience certificate shall clearly indicate the description of service, service amount (in/excluding vat), date of completion. | | | | | |
| **Note 8:** No marks shall be given for the experience of the firm if the completion certificate is not attached. Projects completed within the **last 5 years only** will be evaluated. (Attested Experience Certificate) | | | | | |

**FORM-3:**

**C] Availability of Required Key Professional Key Personnel (Maximum 35 Marks)**

| S.N. | Description | Person | Unit | Minimum Experience after Bachelor | Minimum Qualification Required |
|---|---|---|---|---|---|
| **A.** | **Key Staff** | | | | |
| 1 | Urban Planner (Team Leader) | 1 | No. | 10 | M Sc. in Urban planning/Civil /Architectural Engineering/Planning |
| 2 | Museologist | 1 | No. | 5 | M.Sc./Anthropology/Sociology/Museology |
| 3 | Tourism Expert | 1 | No. | 5 | M.Sc./Social Science /Anthropology/Tourism. |
| 4 | Sociologist | 1 | No. | 5 | Masters/ Social Science/Anthropology. |
| 5 | Geologist | 1 | No. | 5 | M.Sc. geology/Geotechnical Engineering |
| 6 | Structural Engineer | 1 | No. | 5 | M.Sc. Structure |
| 7 | Architecture Engineer | 1 | No. | 5 | B.E. Arch |
| 8 | Civil Engineer | 1 | No. | 5 | B.E. Civil |
| 9 | Senior Surveyor | 1 | No. | 5 | Bachelor in Survey/ Geomatics /Senior Survey Course after Bachelor |
| **B** | **Support Staff** | | | | |
| 1 | Sub Engineer Civil | 1 | No. | 5 | Diploma in Civil Engineering or Equivalent |
| 2 | Draft Person | 2 | No. | 5 | Diploma in Architecture Engineering or Equivalent |
| 3 | Computer Operator | 2 | No. | | +2 in any field with Basic Computer Training |
| 4 | Office Assistants | 1 | No. | | N/A |

**FORM-4:**

**D) Adherence to code of Ethics and Anti-corruption policy (Maximum 3 Marks)**

**It is mandatory to provide the firms' commitment on Codes of Ethics and Anti-Corruption Policy. Upon failing to do so, the firm will be disqualified for the evaluation. Mechanism to monitor the adherence to these policies also should be stated.**

**FORM-5:**

**E) Equipment and logistics of the company: (Maximum 7 Marks)**


| Equipment | Requirement | Evidence |
|---|---|---|
| 4 WD Vehicle | 2 | |
| GPS | 2 | |
| Total station | 1 | |
| Desktop Computer/Laptop | 4 | |
| Printer | 3 | |

**(Note: attach attested bill/hire letter)**

**नेपालसरकार**

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,**

**सिंहदरवार, काठमाडौ।**




**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाटप्रत्येक प्रदेशमा एक प्रमुख स्थललाई केन्द्रविन्दु मानी पर्यटकीय क्षेत्र र गन्तव्यको विकास गर्न गुरुयोजना तयार गरी कार्यान्वयनमा लाने र प्रत्येक प्रदेशमा एक एक वटा नमूना शान्ति तथा सांस्कृतिक ग्राम निर्माण गर्ने कार्यको परामर्शदाताबाट गराउने कार्यको DRAFT TOR**

## १. पृष्ठभूमि

नेपाल रमणिय, प्राकितिक दृश्यहरु, विश्वकै सवोच्च शिखर सगरमाथा लगायत अन्य हिम शिखरहरु, विभिन्न हिमनदी, ताल, जंगली जीवजन्तु, चराचुरुङ्गी, विविद भाषा भाषी, कला संस्कृती, पुरातात्विक स्थलहरु,धार्मिक मठ मन्दिर, गुम्वाहरु भएको प्रसिद्ध पर्यटकीय स्थल हो ।नेपालको आर्थिक विकासको दृष्टिले पर्यटन क्षेत्र प्राथमिकताको रुपमा रहेको छ । प्राथमिकताप्राप्त क्षेत्रको अर्थतन्त्रमा योगदान १० प्रतिशत भन्दा पनि कम रहेको अवस्था छ । नेपालको अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान बढाउनु आवश्यक छ । नेपालका पर्यटकीय क्षेत्रहरुमा खासगरी साहसिक, धार्मिक रसांस्कृतिक पर्यटकीय क्षेत्रहरुको विकास हुनु पर्नेमा हालसम्म साहसिक पर्यटकीय क्षेत्रमा मात्र ध्यान पुगेको र अन्य पर्यटकीय क्षेत्रको विकासको लागि ठोस कार्यक्रमहरु अघी बढेको अवस्था छैन । हाल नेपालमा नयाँ संविधान जारी भई संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत गर्ने चरणमा रहेको छ । नयाँ संविधान अनुरुप ७ वटा प्रदेशहरुको व्यवस्था गरिएको छ । उक्त सात वटा प्रदेशहरुमा कम्तीमा १/१ वटा गन्तव्य तोकी उक्त क्षेत्रलाई पर्यटकीय रुपमा विकास गर्नको लागि यस आर्थिक वर्षमाप्रत्येक प्रदेशमा पर्यटकीय दृष्टीकोणले विकास गर्न सकिने क्षेत्रहरुको पहिचान गरी उक्त क्षेत्रको अध्ययन गरी के कस्ता पर्यटकीय पुर्वाधार लगायतको निमार्णतथा विकास गर्न आवाश्यक छ सोको जानकारी लिई सोही बमोजिम बनाउन आवश्यक रहेको छ । यस आ.व. २०७३।७४ मा उक्त सात वटैप्रदेशमा एक प्रमुख स्थललाई केन्द्रविन्दु मानी पर्यटकीय क्षेत्रको पहिचान गरी गन्तव्यको रुपमा विकास गर्न गुरु योजना तयारी गर्नेर प्रत्येक प्रदेशमा एक एक वटा नमूना शान्ति तथा सांस्कृतिक ग्राम निर्माण गर्नेकार्यको लागिबजेट समेत विनियोजन भएको हुँदा सो कार्य गर्न यो TOR तयार गरिएको छ ।

## २. अवधारणा

नेपाललाई विश्वकै पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्न यहाँको पर्यटकीय क्षेत्रहरुको भौतिक पूर्वाधार विकास तथा संरक्षण र सम्बर्दन गर्न आवश्यक छ।साथै यहाँको कला, संस्कृति, भेषभुसाहरु विविध छन्। पर्यटकीय क्षेत्रको समावेशी र समानुपातिक ढङ्गबाट विकास तथा विस्तार गर्न ७ वटै प्रदेशमा एक-एक प्रमुख स्थललाईकेन्द्रविन्दु मानी पर्यटकीय क्षेत्रको पहिचान गरी गन्तव्यको रुपमा विकास गर्न गुरुयोजना तयार गरी कार्यान्वयनमा लाने र प्रत्येक प्रदेशमा एक–एक वटा नमूना शान्ति तथा सांस्कृतिक ग्राम निर्माण गर्न यो अवधारणा अनुरुप योTOR तयार गरीएको छ ।

## ३. उद्देश्य

सातै प्रदेशमा १/१ वटा पर्यटकीय केन्द्रको पहिचान गरी उक्त क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न र प्रत्येक प्रदेशमा १/१ वटा नमुना शान्ती तथा सांस्कृतिक ग्राम निर्माण गर्नुका लागि अध्ययन गरी प्रतिवेदन तयार गर्ने कार्य सम्बन्धित क्षेत्रमा दक्षता एवं अनुभव प्राप्त व्यक्ति वा संस्थाबाट गराई प्रतेक

प्रदेशमा पर्यटकीय क्षेत्रको पहिचान गरी उक्त क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउनके कस्ता भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक छ ? र प्रतेक प्रदेशमा १/१ वटा नमुना शान्ती तथा सांस्कृतिक ग्राम कहाँ कुन स्थानमा निर्माण गर्न उपयुक्त हुन्छ भन्ने वारेमा जानकारी प्राप्त गर्ने यसको उद्देश्य रहेको छ ।

**४. सम्पादन गरिने कार्य क्षेत्र**

संघीयता अनुरुप नेपालको पर्यटकीय क्षेत्र र गन्तव्यको विकास र प्रत्येक प्रदेशमा एक एक वटा नमूना शान्ति तथा सांस्कृतिक ग्राम निर्माण तथा विस्तार गर्न आवश्यक भएकोले पर्यटकीय,ऐतिहासिकर संस्कृतिक क्षेत्रसँग सम्वन्धित विज्ञहरुको समेत सल्लाह एवं सुझावहरुका आधारमा **दशवर्षे नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (सन् २०१६—२०२५) मा उल्लेख भए बमोजिम प्रदेश नं. १ को इलामको सेरोफेरो — पूर्वी क्षेत्र, प्रदेश नं. २ को बृहत्तर जनकपुर क्षेत्र र सेरोफेरो, प्रदेश नं. ३ को मध्यमाञ्चल क्षेत्र, प्रदेश नं. ४ को बृहत्तर पोखरा — पश्चिम क्षेत्र, प्रदेश नं. ५ को वृहत्तर लुम्बिनी — दक्षिण पश्चिमी क्षेत्र, प्रदेश नं. ६ को कर्णाली मध्ये पश्चिम क्षेत्र र प्रदेश नं. ७ को कैलालीको सेरोफेरो सुदुर पश्चिम क्षेत्रमा**नमुना शान्ती तथा सांस्कृतीक ग्राम र पर्यटकीय क्षेत्रको उपयुक्त स्थानको पहिचान गरी गन्तव्यको रुपमा विकास गर्न आवश्यक पर्ने पुर्वाधार निर्माण, होटल लज व्यवस्थापन, यातायात तथा संचार सुविधा, स्वास्थय चौकी, सुरक्षा सुविधा लगायतका विषयमा के के गर्नुपर्ने भन्ने खुलाई पेश गर्नु पर्नेछ ।

**५. कार्यसँग सम्वन्धित अध्ययन**

ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, पुरातात्विक एवंम पर्यटकीय लगायतका विषयहरुलाई आधारमानीप्रत्येक प्रदेशमा १/१ वटा पर्यटकीय गन्तव्यको पहिचान तथा पुर्वाधार विकासका विषयर नमूना शान्ति तथा सांस्कृतिक ग्रामनिर्माण र विकास गर्नपहिचानभएका क्षेत्रहरुकोविद्यमान अवश्थाको समेत अध्ययन गरी स्थनीय निकाय र सरोकारवालाहरुसँग छलफलएंव अन्तरक्रिया गराई अध्ययन कार्य सम्पन्न गर्नुपर्ने छ ।

**६. प्रतिवेदनमा समावेश गर्नु पर्ने विषयहरु**

नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (सन् २०१६—२०२५) मा उल्लेख भए बमोजिम प्रतेक प्रदेशमा १/१ वटा पर्यटकीय क्षत्रको पहिचान गरी उक्त स्थानलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माणका विषय र नमूना शान्ति तथा सांस्कृतिक ग्राम निर्माण गर्नका लागि आवश्यक विषयहरु लाई समेटेर अलग अलग प्रतिवेदन पेश गर्नु पर्ने छ । प्रतिवेदन पेश गर्दा तपशिल बमोजिमका विषयहरुमा केन्द्रित भई प्रतिवेदन पेश गर्नुपर्ने छ ।

- पृष्ठभूमी
- अध्ययन विधी
- प्रसाशनिक कार्यालयको व्यवस्थापन कहाँ कसरी गर्ने सम्बन्धमा
- यातायात व्यवस्था र संचार सुविधाका सम्बन्धमा
- भै रहेका संरचनाहरुको उल्लेख गर्ने भन्ने सम्बन्धमा

- स्वास्थ चौकि सम्बन्धि व्यवस्थाका सम्बन्धमा
- बैंकिङ्ग सुविधाका सम्बन्धमा
- विमानस्थलका सम्बन्धमा
- फोहर मैला उचित व्यवस्थाका सम्बन्धमा
- विस्तृत फोटोग्राफीक प्रदर्शनीका सम्बन्धमा
- पर्यटकीय तथा सांस्कृतिक क्षेत्र विकासको खाका सम्बन्धमा
- अनुमानित बजेट र समय लागत
- विषयगत क्षेत्र विकासका लागि आवश्यक पर्ने नीति/नियम
- विषयगत क्षेत्रको तुलनात्मक विशलेषण्
- पर्यटकीय तथा सांस्कृतिक क्षेत्र विकासका लागि आवश्यक थप पुर्वाधारहरु
- योजना लाई प्रभावकारी बनाउनका लागि आवश्यक निति, कार्यक्रम तथा योजना

- प्रस्तावित क्षेत्रको लागि सुहाउँदो जग्गाको खोजी गरी प्रस्तावित गर्ने
- शैक्षिक अनुसन्धान केन्द्रको रुपमा विकास गर्नको लागि खाका तयार गर्ने
- नेपालका सवै जातजातिको संस्कृति झल्कने वस्तुहरुको प्रस्तावित प्रदर्शनीको व्यवस्थापन खाका तयार गर्ने
- साँस्कृतिक संग्रहालय निर्माणमा जडान गरिने आधुनिक सुविधा सहित विज्ञान-प्रविधिजन्य सुविधा को प्रस्तावित खाका तयार गर्ने ।
- त्यस क्षेत्रको दीगो व्यबस्थापन र Self-Sustainable हुनका लागिमा के कसरी आयश्रोतको व्यबस्थापन गर्न सकिन्छ प्रस्तावित गर्ने ।
- २१ औ शताव्दीको परिप्रेक्षमा त्यस क्षेत्रमा सुरक्षा सम्वन्धि उपयुक्त Mechanism तयार गरि प्रस्ताव गर्ने ।
- त्यस क्षेत्रमा अल्पकालिन र दीर्घकालिन योजना तथा कार्यक्रम तयार गरी संचालन गर्ने सम्वन्धमा प्रस्तावित खाका तयार गर्ने ।
- वाहिरका शिक्षण संस्था, पर्यटन संस्था, व्यक्ति र समुहहरुको खोजी तथा ति संग सम्वन्ध विस्तारले संग्रहालयलाइ नयाँ उर्जा र निरन्तरता र दिगो व्यबस्थापन तर्फ अग्रसर हुन मद्दत पुग्ने हुंदा यस्ता संघ संस्थाहरुको प्रस्तावित लिष्ट तयार गर्ने ।
- स्थानीय संघ संस्था समुहलाइ त्यस क्षेत्रको गतिविधिमा कसरी सरिक गराउनु सकिन्छ सो को कार्ययोजना तयार पार्ने ।

- विभिन्न कार्यक्रमहरु आयोजना गरी स्थानीयको संवेदना कसरी प्राप्त गर्न सकिन्छ सो को खाका तयार गर्ने।
- संघियता र मानव अधिकारका विषयमा संवेदनशिल हुन आवश्यक भएको वर्तमान परिप्रेक्षमा सो को समेत अध्धयन गरी पेश गर्ने।
- संचारको व्यबस्था, यातायात व्यबस्था, खानेपानीको व्यबस्था, शौचालय आदिको व्यबस्थाको खाका तयार गर्ने ।
- त्यस क्षेत्रको समग्र व्यवस्थापनको सम्वन्धमा अत्यन्त सफल भएका संग्रहालयको व्यवस्थापन पद्दतिसंग तादाम्य मिल्ने बुँदाहरु प्रस्तुत गर्ने ।

## ७. जनशक्ति तथा आवश्यक भौतिक उपकरणहरु

माथि उल्लिखित बुँदाहरुका कार्यान्वयनका लागिआवश्यक पर्ने जनशक्ति तपशिल बमोजिम व्यवस्था गर्नुपर्ने ।

| S.N. | Description | Person | Unit | Minimum Experience after Bachelor | Minimum Qualification Required |
|---|---|---|---|---|---|
| **A.** | **Key Staff** | | | | |
| 1 | Urban Planner (Team Leader) | 1 | No. | 10 | M Sc. in Urban planning/Civil /Architectural Engineering/Planning |
| 2 | Museologist | 1 | No. | 5 | M.Sc./Anthropology/Sociology/Museology |
| 3 | Tourism Expert | 1 | No. | 5 | M.Sc./Social Science /Anthropology/Tourism. |
| 4 | Sociologist | 1 | No. | 5 | Masters/ Social Science/Anthropology. |
| 5 | Geologist | 1 | No. | 5 | M.Sc. geology/Geotechnical Engineering |
| 6 | Structural Engineer | 1 | No. | 5 | M.Sc. Structure |
| 7 | Architecture Engineer | 1 | No. | 5 | B.E. Arch |
| 8 | Civil Engineer | 1 | No. | 5 | B.E. Civil |
| 9 | Senior Surveyor | 1 | No. | 5 | Bachelor in Survey/ Geomatics /Senior Survey Course after Bachelor |
| **B** | **Support Staff** | | | | |
| 1 | Sub Engineer Civil | 1 | No. | 5 | Diploma in Civil Engineering or Equivalent |
| 2 | Draft Person | 2 | No. | 5 | Diploma in Architecture Engineering or Equivalent |
| 3 | Computer Operator | 2 | No. | | +2 in any field with Basic Computer Training |
| 4 | Office Assistants | 1 | No. | | N/A |

❖ **आवश्यकतानुसार अन्य विज्ञ वा सहायकहरु वा सम्वन्धित पदाधिकारीहरु**

## ८. ज्ञान वा शीप हस्तान्तरण गर्नु पर्ने

अध्ययन कार्यको समाप्ती पश्चात अन्तिम प्रतिवेदन बनाउनु अगाडी स्थानिय निकायका पदाधिकारी, स्थानिय वासिन्दा र यस मन्त्रालयका अन्तर्गतका पदाधिकारी समेत समावेश गरी छलफल तथा अन्तरक्रिया गर्नु पर्ने छ । अन्तरक्रियाका विषयका उपयक्त सुझाव समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन बनाउनु पर्नेछ ।

## ९. काम शुरु गर्नु पर्ने अवधि

सम्झौता भई कार्य आदेश पाएको मितिले १ महिनाभित्र आफूले गर्ने कार्यहरुको प्रारम्भिक खाका मन्त्रालयमा पेश गर्नु पर्नेछ र सो खाका स्वीकृत भएपछि तुरुन्त कार्य शुरु गर्नु पर्नेछ । आफूले कार्यदिश पाएको मितिले ५(पाँच) महिनाभित्र अध्ययन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## १०. परामर्शदाताले पेश गर्नु पर्ने प्रतिवेदन आदि सामग्री विवरण

परामर्शदाताले माथि उल्लेखित गुरुयोजनाको मस्यौदा प्रतिवेदन नेपाली वा अङ्ग्रेजी भाषा मध्य कुनै एकमा तयार गरी पेश गर्नु पर्नेछ । पेश भएका मस्यौदा प्रतिवेदनहरु सरोकारवालाहरुको उपस्थितीमा छलफल एवं अन्तरर्क्रिया कार्यक्रम संचालन गर्नु पर्नेछ र Three Dimension सहितको प्रस्तावित कार्यक्रमको PowerPoint Presentation कम्तिमा ४० मिनेटको पेश गर्नुपर्ने छ ।अन्तरर्क्रियामा प्राप्त सुझाव समेतलाई समेटी गुरुयोजनाको अन्तिम प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ । उक्त गुरुयोजनाको प्रतिवेदनको वाइण्डिङ्ग गरिएका पाँच प्रति र सो को डिजिटल कपी सि.डि. वा पेन ड्राइभमा दुई थान पेश गर्नु पर्नेछ । प्रतिवेदन उपर मन्त्रालयवाट कुनै सुझाव प्राप्त भएमा सो समेत समावेश गरि प्रतिवेदन तयार गर्नु पर्नेछ । मन्त्रालयबाट तोकिए बमोजिम को कार्य नभएमा पारिश्रमिक रोक्का राख्न सकिनेछ । प्रतिवेदन बुझाउने प्रक्रिया तपशिल बमोजिम रहेको छः

| क. न. | प्रतिवेदन | बुझाउने समय | कैफियत |
|---|---|---|---|
| १ | स्थापना प्रतिवेदन | १५ दिन | सम्झौता भएको मितिबाट समयावधि लागु हुने छ । |
| २ | अन्तिम मस्यौदा प्रतिवेदन | ३ महिना | |
| ३ | अन्तिम प्रतिवेदन | ४ महिना | |

**भुक्तानी गर्ने प्रक्रियाः**

परामर्शदातालाई रकम भुक्तानी नेपाल सरकारको नियम वा TOR मा उल्लेख भए बमोजिम हुने छ । निकाशा ३ किस्तामा हुन सक्ने छ।

१ स्थापना प्रतिवेदन तयार गरी पेश गरे पश्चातः..........................................................................................३०%

२ अन्तिम मस्यौदा प्रतिवेदन तयार गरी पेश गरे पश्चातः ............................................................................४०%

३ अन्तिम प्रतिवेदन तयार गरी पेश गरे पश्चातः............................................................................................३०%

## ११. अन्य केही भएमा

उक्त अध्ययन कार्यमा परामर्शदाताले आफ्ना रचनात्मन एंव उचित थप विवरणहरु पेश गर्न सक्ने छ ।कार्यक्रम कायान्र्वयनका क्रममा कुनै कठिनाई उत्पन्न भएमा अथवा केहि विवाद भएमा प्रचलित कानून अनुसार एवं आपसी सहमतिबाट समाधान गरिने छ ।